# पैसा ! पैसा !! पैसा !!!

यो कस्तो संसार हो, जहाँ हामी बिना पैसा केही पाउँदैनौं ? बजारमा जहाँ गए पनि हामीलाई पैसा चाहिएको छ । पैसाबिना कसैले हामीलाई खाना दिँदैन; पैसाबिना पसल–दोकानबाट हामी रित्तो फर्किनुपर्छ । किनभने त्यसै कुनै माल सामान पाइँदैन । यसैकारण हरेक मानिसलाई पैसाको खाँचो पर्छ । कसैलाई पैसा कहिल्यै पुगेको छैन । सबै मानिसहरु पैसाको पछि लागेका हामी देख्दछौं ।

कुनै मानिसले पैसा कमाउनको निम्ति परिश्रम गर्दछ भने कतिपयले पैसा सजिलो प्रकारले पाउने बाटो हेर्दछन् । कतिले चिट्ठामा गोला हालेर वा अन्य तरिकाहरुले एकैचोटि धेरै पैसा प्राप्त गर्ने आशा गर्छन् । कतिले 'सोझो औंलाले घिउ आउँदैन' भन्छन् र अरुलाई ठग्छन् वा छल गरेर अरुको सम्पत्तिमा हात हाल्छन् । यसरी नै धनी हुन खोज्नेहरु अति धेरै भइसके । यसले गर्दा पैसा कमाउने बाटो यही हो भन्ने विचार प्रायः सबैको हुन्छ । कुन शहर, कुन बजार, वा कुन गाउँ र बस्तीमा चोर लाग्दैन ? डकैती र हत्याको बारेमा हामी घरीघरी सुन्दछौं । संसारमा जिउन हामीलाई डर लागेको छ । यस्तो किन भएको छ ? के पैसाको खातिर होइन र ? मानिसको निम्ति पैसा सबभन्दा मुख्य चीज भएको छ । पैसाको लागि मानिस जे पनि गर्न तयार छ । पैसा कमाउनको लागि मानिसहरु आफ्नो घर छोड़ेर हिँड्छन्; पैसाको पछि लागेर मानिसहरु आफ्नो शरीर र आत्मा बेच्छन् । पैसा कस्तो चीज हुँदो रहेछ । हामी छक्कै पर्दछौं ।

अब त्यो नभइ नहुने पैसाको सम्बन्धमा हामीलाई एक–दुई कुरा बुझ्न खाँचो छ, नत्रभने पैसा र धनसम्पत्तिको पछि लागेर हामीले आफ्नो आत्मालाई गुमाउनुपर्छ । यसैले हामी तपाईंलाई पवित्र बाइबलबाट पैसाको सम्बन्धमा हाम्रो सृष्टिकर्ता परमेश्वरको विचार के हो, सो बताउन चाहन्छौं ।

**"रुपियाँ–पैसाको प्रेमचाहिँ सबै खराबीको जरा हो । यसको लोभ गर्दा कतिजना विश्वासबाट भड्किएका छन् र आफैलाई अनेकौं पीड़ाले छेंड़–छेड़ पारेका छन् ।" (१ तिमोथी ६:१०)**

पैसा पक्का चाहिन्छ, तर पैसालाई माया गर्नुहुँदैन । किनभने यसैमा खराबीको जरा छ । पैसाको लोभ गर्नु चाहिँ सबै खराबीको शुरु हो । यसो गर्नेले जीवनको सत्य बाटो बिराउँछ र धेरै दुःख पाउनैपर्छ ।

**"तर धनी हुन खोज्नेहरु परीक्षा र पासोमा (** पापका) **पर्छन्, साथै धेरै मूर्ख र हानिकारक अभिलाषाहरुमा फस्दछन्; तिनैले मानिसहरुलाई बरबादी र विनाशभित्र डुबाउँछन् ।" १ तिमोथी ६:९**

पैसा चाहिन्छ नै, तर धनी हुन खोज्नु खतरा कुरा हो, किनकि धनको खोजमा लाग्नेहरुको मनमा पापका अनगिन्ती अभिलाषाहरु जाग्दछन् । उनीहरु कहिल्यै सन्तुष्ट रहन सक्दैनन् । उनीहरुलाई यो चाहिन्छ, त्यो पनि चाहिन्छ; सबै थोक चाहिन्छ । यस्तो गर्दा गर्दै उनीहरु कता पुग्छन् भन्ने कुरा तपाई याद गर्नुहोस् – विनाशको खाड़लमा ! यस्तो हानि कसले भोग्न चाहन्छ र ? यसैकारण होशियार हुनुहोस्, प्रिय मित्र, होशियार !

**"अत्यचारमा भर नपर, डकैतीमा बरालिनुहुँदैन; यदि धनसम्पत्ति बढ्यो भने त्यसमाथि आफ्नो मन नलगाऊ ।" भजनसंग्रह ६२:१०**

के हामी एउटा असल सल्लाह ग्रहण गर्न तयार छौं ? यो सल्लाह यहाँ यस वचनमा छ । शोषण गरेर, चोरेर, ठगेर हामीलाई के लाभ हुन्छ र ? परमेश्वरको दृष्टिमा धनमा मन लगाउनु ठीक छैन । तब धन सम्पत्तिमा भर पर्नलाई हामी पैसामा के देख्दछौं ?

**"तर सन्तुष्टिको साथ भक्ति नै ठूलो लाभ हो । किनभने हामीले यस संसारमा केही पनि ल्याएका छैनौं; अनि यो निश्चित छ, हामी केही पनि लैजान सक्दैनौं । खान र लाउन छ भने हामी यसैमा सन्तुष्ट रहौं ।" (१ तिमोथी ६:६–८)**

हाम्रो भरोसा हामीले एकमात्र साँचो जिउँदो परमेश्वरमाथि राख्नुपर्थ्यो । उहाँको भक्ति हामीले गर्नुपर्थ्यो । तर हाम्रो ध्यान त पैसामा पो गएको छ । हामीले केही ल्याएनौं र केही लैजान पाउँदैनौं भन्ने कुरा भुलेका छौं कि ? खानु र लाउनुमा को सन्तुष्ट रहन चाहन्छ ? परमेश्वरको भक्ति गर्नुमा कसले ठूलो लाभ देखेको छ ?

**"छल र झूट मबाट पर हटाउनुहोस्; मलाई गरिब नबनाउनुहोस्, न मलाई धनसम्पत्ति दिनुहोस्; मलाई चाहिँदो भोजन जुटाइदिनुहोस् । नत्र ता अघाएर म तपाईंलाई इन्कार गरुँला र यसो भनुँलाः 'परमप्रभु को हो र ?' अथवा म गरिब भएँ भने म चोरुँला र मेरा परमेश्वरको नाम व्यर्थै लिउँला ।" ( हितोपदेश ३०:८–९)**

यो माथि उल्लेख गरिएको एकजना परमेश्वरको भक्तको प्रार्थना पढ्नुभयो होला । ऊ गरिब हुन चाहेन, धनी हुन पनि चाहेन । धनी मानिस भएर परमेश्वरलाई इन्कार गर्ने वा गरिब अवस्थामा चोरेर परमेश्वरको अनादर गर्ने खतराबाट ऊ बाँच्न चाहन्छ । के तपाईंको चाहना पनि यही हो ? तब अझ एउटा मुख्य कुरा सिक्नुहोस् ।

**"पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, तब यी सबै थोकहरु तिमीहरुलाई थपिनेछन् ।" मत्ती ६:३३**

हामी पशु होइनौं, तर मानिस भएका हुनाले खालि गाँस, वास र कपास खोज्नु ठीक छैन ।

हामीले आफ्नो सृष्टिकर्ता परमेश्वरलाई चिन्नुपर्छ, उहाँको अधीनतामा रहीकन उहाँको इच्छाअनुसार चल्नुपर्छ; तब उहाँप्रति हामीले आफ्नो जिम्मेवारी पूरा गरेका छौं । तब उहाँ हाम्रो आवश्यकता पूरा गर्नुहुन्छ । के तपाई उहाँको खोजीमा हुनुहुन्छ ?

**"हे स्वर्गमा बस्नुहुने हाम्रा परमेश्वर पिता, ... आज हाम्रो दिनहुँको भोजन हामीलाई दिनुहोस् ।" (मत्ती ६:९,११)**

तपाईंको खाँचो परमेश्वरलाई भन्नुहोस्, उहाँलाई पुकार्नुहोस् । परमप्रभुले तपाईंलाई धेरै नदिए तापनि तपाईंलाई खाँचो परेको थोक जुटाउनुहुन्छ नै ।

**"आफ्नो बारी खनजोत गर्नेसित प्रशस्त खानेकुरा हुन्छ, तर व्यर्थै कुराहरुको पछि लाग्नेसित प्रशस्त गरिबी हुन्छ ।" (हितोपदेश २८:१९)**

आफ्नो काममा तपाई परिश्रम गर्नुहोस्; परमेश्वरको आशिष यसैमा छ । कुनै व्यर्थै कुरा वा बेकामी मान्छेको पछि नलाग्नुहोस्, नत्र तपाई सधैंभरि गरिब रहनुहुन्छ ।

**"अल्छी हातले काम गर्ने गरिब हुन्छ, तर परिश्रमी हातले धनी तुल्याउँछ ।" (हितोपदेश १०:४)**

आफ्नो काममा अल्छी नहुनुहोस्, तर परिश्रम गर्नुहोस् । तब परमेश्वरले तपाईंलाई प्रशस्त आशिष दिनुहुनेछ ।

यति कुरा गरेपछि हामी तपाईंलाई सबैभन्दा मुख्य कुरा नबताई हुँदैन । किनभने पैसाले धेरै काम गर्न सक्छ, तर हाम्रो आत्मालाई बचाउन सक्दैन ।

**"परमप्रभुको क्रोधको दिनमा न त तिनीहरुको चाँदीले न तिनीहरुको सुनले तिनीहरुलाई बचाउन सक्दछ ।" सपन्याह १:१८**

प्रिय मित्र, एक दिन हामीलाई मर्नु छ । त्यसपछि हामी परमेश्वरको सामु न्यायमा उभिनुपर्छ । त्यतिखेर हाम्रो सम्पत्ति कुनै कामको हुँदैन । न्याय हुँदा परमेश्वरले हामीलाई हाम्रा कामहरुको प्रतिफल दिनुहुन्छ । यदि हामीले पाप गर्‍यौं भने यसको सजाय हामीले भोग्नैपर्छ । पापको सजाय मृत्यु हो । यसर्थ परमेश्वरले हाम्रो शरीर र आत्मालाई सदाको लागि नरकको ननिभ्ने आगोमा फाल्नुहुन्छ ।

**"आफ्नो धनसम्पत्तिमा भरोसा गर्नेहरु र आफ्नो धनको प्रशस्ततामा अहङ्कार गर्नेहरुमध्ये कसैले पनि कुनै रीतिले आफ्नो भाइलाई मोल तिरेर छुटाउन सक्दैन, न त्यसको छुटकाराको दाम परमेश्वरलाई दिन सक्छ; किनभने तिनीहरुको प्राणको दाम ज्यादै छ र त्यो कहिल्यै पुग्दैन ।" (भजनसंग्रह ४९:६-८)**

के नरकको आगोबाट छुटाउने दाम तपाईंसँग छ ? तपाईंले आफ्नो आत्माको बदलामा परमेश्वरलाई के दिनुहुन्छ? यसको दाम ज्यादै छ । तपाईंले जे दिनुभए पनि तपाईंले तिर्नुपर्ने दाम कहिल्यै पुग्दैन ।

**"किनभने सारा संसार प्राप्त गरे तापनि मानिसले आफ्नो प्राणलाई चाहिँ गुमायो भने उसलाई के फाइदा भयो? अथवा आफ्नो प्राणको सट्टामा मानिसले के देला ?" (मत्ती १६:२६)**

यसकारण न्यायमा पर्नुअघि नै हामी तपाईंलाई यो सन्देश सुनाउन चाहन्छौं: संसारको धनको पछि लागेर आफ्नो अनमोल आत्मालाई नगुमाउनुहोस्, तर समयमै आफ्ना पापदेखि परमेश्वरतिर फर्कनुहोस् र प्रभु येशूमाथि विश्वास गरी मुक्ति पाउनुहोस्; किनभने जब प्रभु येशू काठको क्रूसमा असाध्य कष्ट सही मर्नुभयो, तब उहाँले हाम्रा सबै पापको निम्ति छुटकाराको दाम तिर्नुभयो । उहाँले हामीलाई अपार प्रेमले प्रेम गर्नुभयो र हामीले आफ्नो आत्माको लागि तिर्न नसक्ने दाम तिर्नुभयो । प्रभु येशूमा मुक्ति छ; उहाँमा पापको क्षमा छ, उहाँमा अनन्त जीवन छ । पश्चात्ताप गर्नुहोस् र जिउँदो प्रभु येशूलाई पुकार्नुहोस् र बिना पैसा सित्तैंमा मुक्तिको दान ग्रहण गर्नुहोस् ।

परमेश्वरको वचन पवित्र बाइबलबाट यस सम्बन्धमा तपाईंलाई अझ बुझ्ने इच्छा छ भने तल दिइएको ठेगानामा चिठ्ठी लेख्नुहोस् भनी हामी तपाईंलाई अनुरोध गर्दछौं । आत्मिक कुराहरुको सम्बन्धमा हामी तपाईंलाई सकभर सहायता गर्न तयार छौं । तलको ठेगानामा पत्र पठाउने हरेक मानिसलाई हामी **'बाँच्ने उपाय'** भन्ने बाइबल पाठक्रम सित्तैंमा पठाउनेछौं । धन्यवाद !

**हाम्रो ठेगाना : एन.बी.सी.आई**
**पो.ब.नं. ८९७३,एन.पी.सी. १६१**
**काठमाण्डौ, नेपाल**

यस विषयमा अरु जानकारी पाउनका निम्ति तल दिइएको पुस्तक पसल वा चर्चमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

पुस्तक पसलको ठेगाना:
मारानाथा बुक्स एण्ड स्टेशनर्स
चाबहिल चोक
**९म्न ऋष्धिप कलर ल्याब भएको घरमा)**
फोन नं. ४४७८७३८

चर्चको ठेगाना:
ग्रेस ब्याप्टिष्ट चर्च
बौद्ध, टुसाल, काठमाडौं
सम्पर्क फोन नं. ४४९५८४२